# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## वागमती गाउँपालिका,ललितपुर

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**
काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि(Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य(Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता(Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७६/७७
च.नं : ७७७

मिति:२०७७/३/२४

श्री वागमती गाउँपालिका,
ललितपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल

महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षणसम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमासम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको,आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको,अबण्डा बजेट राखेको,खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजनाप्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौटगरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यकशीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्तअभिलेख नरहेको,सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ ।गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो ।लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो ।लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु ।स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७६/७७
च.नं.८१५ मितिः २०७७/३/२५
श्री बागमती गाउँपालिका
ललितपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको रायः** हामीले बागमती गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीय तहसगं सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.६ करोड ८२ लाख ६० हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु.३ करोड ४१ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२९ लाख ६० हजार नियमित गर्नुपर्ने रु.१ करोड ६६ लाख २५ हजार पेश्की बाँकी रु.१ करोड ४५ लाख २७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।७।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ११ दफाको रु.४२ लाख ५ हजार असुल भई तथा प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९( उनान्तीस) यसैसाथ संलग्न छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्य तया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी )
नायव महालेखापरीक्षक

# बागमती गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने बागमती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । ३ नं. प्रदेशमा अवस्थित यस पालिका अर्न्तगत ७ वडा, ३९ सभासदस्य, १११.४९ व.की.मी.क्षेत्रफल र १३०४९ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः –** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ११३४४००० | १ | **चालु खर्च** | १९०७६९८४७.७१ |
| | क) नगद | ० | २ | **पूँजीगत खर्च** | १४२७६२५६२.५८ |
| | ख) बैंक | ० | ३ | **निकासा फिर्ता** | ७५२८०५६.२९ |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| | क) आन्तरिक राजस्व | ३०८६५१६६.६८ | | क) ऋण भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ४९२८७९५५ | | ख) ब्याज भुक्तानी | ० |
| | ग) अन्य आय | ० | | ग) अन्य भुक्तानी | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | ४ | **लगानी** | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ६००००००० | | ऋण लगानी | ० |
| | ख) सशर्त अनुदान | १४०४१६३८२.२० | | शेयर लगानी | ० |
| | ग) समपूरक अनुदान | ० | | अन्य लगानी | ० |
| | घ) विशेष अनुदान | ० | ५ | **धरौटी फिर्ता** | ० |
| | ङ) अर्थ वजेट | ० | ६ | **कोष खर्च** | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ७ | **मौज्दात** | १५४८३३७.३० |
| | क)वित्तीय समानीकरण अनुदान | ७६६०००० | | क) नगद मौज्दात | ० |
| | ख) सशर्त अनुदान | ३१०८०३०० | | ख) बैंक मौज्दात : | ० |
| | ग) समपूरक अनुदान | ९६८८००० | | | ० |
| | घ) विशेष अनुदान | ० | | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | ० |
| | क) ऋण प्राप्ति | ० | | | ० |
| | ख) साँवा प्राप्ति | ० | | | ० |
| | ग) ब्याज प्राप्ति | ० | | | ० |
| | घ) अन्य प्राप्ति | ० | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | ० | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | ० |
| १० | **धरौटी आय** | ० | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | ० |
| १२ | **अन्य विविध आय** | २२६७००० | | | ० |
| | **जम्मा** | **३४२६०८८०३.८८** | | **जम्मा** | **३४२६०८८०३.८८** |

**कार्यालयको नाम : बागमती गाउँपालिका, भट्टेडाडा, ललितपुर ।** **आ.व. : २०७५।७६**

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५ आषाढ १० मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नबनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २. | **बजेट पेश तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउ सभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानीत विवरण २०७५ आषाढ १० भित्र सम्पन्न नगरी २०७५ आषाढ १० गते मात्र प्रक्षेपण स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिम आ.व. २०७५/७६ को आय तथा व्ययको अनुमान पेश गरेको छ :<br>● गाउँपालिकाले पूर्वाधार तर्फ १४० योजना, सामाजिक विकासमा ११४ योजना, आर्थिक विकासमा ३७ योजना, वातावरण तथा विपद् व्यवस्थापनमा ९ योजना, वित्तिय व्यवस्थापन सुशासन संस्थागत विकासमा १० योजना बाँडफाँड गरेको छ भने ७ वटा वडामा कुल २३४ वडा स्तरिय योजना बाँडफाँड गरेको छ ।<br>● समग्रमा गाँउपालिकाले रु.३४,२६,०८,८०३/८८ को आय-व्ययको अनुमान गरेको देखिन्छ । | |
| ३. | **आयको अनुमान :** गाँउपालिकाले आ.व. २०७५।७६ मा पालिका अन्तर्गत कर, सेवा शुल्क, दस्तुर आदि वापत प्राप्त हुने आय-व्ययको प्रक्षेपण गरेको देखिएन । कार्यपालिकाले यस वर्ष कुल रु.३,०८,६५,१६६।६८ आन्तरिक आय प्राप्त गरेको छ । आयको अनुमान नगरेबाट वास्तविक प्राप्ती र प्रक्षेपण बिच तुलना गर्न सकिएन । आयका विभिन्न श्रोतको पहिचान गरी आय प्रक्षेपणको माध्यमबाट वास्तविक प्राप्तीलाई वृद्धी गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । | |
| ५. | **श्रोतअनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा  मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६. | **अवण्डा रकम :** गाउँपालिकले यस बर्ष रु ८० लाख ४० हजार अवण्डा राखेकोमा उक्त रकम मिति २०७५/३/१० गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार जनतासँग अध्यक्षमा कृषि तथा पशुपालन व्यवसायीक यूवा विकास लक्षित अनुदान र ऋण कार्यक्रमकालागि खर्च गरेको देखियो । यसरी अवण्डा राखी पछि कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यले बजेट अनुशासन र वित्तीय जवाफदेहितामा चुनौती सिर्जना गर्न सक्ने देखिएकोले यस तर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनुपर्ने व्यवस्था छ । वडागत योजना, गाउँपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रमा एउटै कार्यक्रम दोहोरो रकम विनियोजन गरेको छ । जस्तैः गाउँपालिका अन्तर्गत वडाहरुमा एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँबाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ । | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्नु जरुरी छ । | |
| ९. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>● गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।<br>● गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>● गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।<br>● गाउँपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>● गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>● गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>● मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| १०. | **भ्रमण खर्च :** प्रदेश नं. ३ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>● अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>● नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>● भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>● कतिपय भ्रमणहरु गाउँपालिकासँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>● स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अत: स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखिएको छ । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ११. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १२. | **लागत सहभागिता –** गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष विभिन्न ३०७ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा खर्च गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| १३. | **मर्मत सम्भार कोष –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै गाउँपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख नभएकोले सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| १४. | **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिकाले अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| १५. | **निर्माण कार्यको गुणस्तर –**गाउँ कार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

१६. **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

१७. **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च –** महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर कार्यालयले सो भन्दा फरक हुने गरी तालिम, प्रशिक्षण, सीप विकास, सचेतना अभिवृद्धि, पोशाक तथा भेषभुषा खरिद, जेष्ठ नागरिक, एकल महिला सम्मान जस्ता चालु प्रकृतिका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

१८. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्र स्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । गाँउपालिकाको वित्तिय प्रगति निम्नानुसार देखिन्छ :

(खर्च रु.०००)

| सि.नं. | कार्यक्रम | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ६७६६०००० | ६७६६०००० | १०० |
| २ | सशर्त अनुदन | १७१४९६६८२.२ | १६३९६८६२६.२ | ९५.६१ |
| ३ | लाईन आईटम वजेट | २२६७००० | २२२६००० | ९८.१९ |

बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समय विच तादाम्यता मिलाई वित्तिय प्रगति अपेक्षापूर्ण वनाउन आवश्यक छ ।

**१९.** **योजनागत लक्ष्य प्रगति** : यस गाँउपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत ३०९ योजना स्वीकृत गरेकोमा ३०७ योजना सम्पन्न गरेको उल्लेख छ । २ योजनामा पचास प्रगति भएको उल्लेख छ । शुन्य प्रगतिका सम्बन्धमा गाउँपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२०. **बैंक हिसाव :** गाउँपालिकाको खाताहिसाव र बैंक हिसाव एक आपसमा भिडान हुनुपर्दछ । गाउँपालिकाको आय व्यय विवरण अनुसार(स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु.१५४८३३७.३० देखिएको छ । तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु.९,५३,५८,०६१.७३ मौज्दात देखियो । गाउँपालिकाको स्रेस्तामा र बैंक हिसावमा रु.९३८०९७०६.४३ फरक परेको देखिएकोले सो फरक हिसाव सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।

| खाता | २०७६।३।१ को मौज्दात बैंक स्टेटमेन्ट अनुसार |
|---|---|
| स्थानीयतह सञ्चित खाता | २२९२७९६६.९१ |
| पूँजीगतखर्च खाता | १७६७७८०२ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | चालू खर्च खाता — ५४७५२२९२.८२<br>जम्मा — ९,५३,५८,०६१.७३ | |
| २१. | **गत बर्षको जिम्मेवारी नसारेको :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४५ बमोजिम आय व्यय ठीकसँग भएको र लेखांकन गरेका कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ। गत आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु. **११४१२५२७.०४** देखिएकोमा सो अन्तिम मौज्दातलाई यो बर्षको लागि जिम्मेवारी सार्नुपर्नेमा यो बर्षको लागि रु.११३४४०००।०० जिम्मेवारी सारी रु.६८५२७।०४ घटी जिम्मेवारी सारेको छ । सो फरक रकम सम्बन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्ने रु. | ६८५२७.०४ |
| २२. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २१.७३ प्रतिशत अर्थात रु. ७ करोड २४लाख ८७ हजार, दोश्रो चौमासिकमा १७.७८ प्रतिशत अर्थात रु. ५ करोड ९२ लाख ९८ हजार र तेश्रो चौमासिकमा ६०.४९ प्रतिशत रु. २० करोड १७ लाख ४७ हजार तथा आषाढमा महिनामा मात्र ४८.७९ प्रतिशत अर्थात रु. १६ करोड २७ लाख २० हजार खर्च गरेको देखिएको छ । आषाढ महिनामा आएर खर्चको चाप अत्याधिक वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । तेश्रो चौमासिकमा भएको अधिकाशं खर्च आषाढमा भएको छ । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | |
| २३. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस गाँउपालीकाले आर्थिक वर्ष २०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएको देखिएन । गाँउपालीकाले कानून वमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउनु पर्दछ । | |
| २४. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ९० रहेकोमा स्थायी पदपूर्ति ५४ मात्र भई ३६ पद रिक्त रहेका छन । ति मध्ये २४ जना करारमा राखि कार्य संचालन गरिएको छ। अधिकृत सहित ३६ पदहरु रिक्त रहेको देखिन्छ। रिक्त पदहरु पदपुर्ती गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन । आवश्यक पदहरु पदपूर्ति गर्ने पहल गर्नु पर्ने देखिन्छ। | |
| २५. | **अनुगमन प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । गाउँपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम संचालनको संभाव्यता अध्ययन, अनुगमन, निरिक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरिक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ। | |
| २६. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलबखर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी रु.१२ करोड ८१ लाख ७२ हजार स्थायी कर्मचरीहरुको तलवखर्च लेखेको छ । तलवी प्रतिवेदन पारीत नहुँदा ग्रेड समेत एकिनहुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २७. | **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ। | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २८. | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २९. | **सभाको निर्णय कार्यान्वयन** : मिति २०७४।०७।१० मा सम्पन्न गाँउपरीषद्बाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । | |
| ३०. | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोषको समूहगत परिचालन प्राप्त गर्नुपर्ने श्रोतलाई र म.स्व.से. कल्याणकोषको हिसावमा खुलासा समेत नगरेको स्थिति छ। थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ। | |
| ३१. | **वक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| ३२. | **सशर्त अनुदान :** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न शीर्षकहरुमा खर्च गर्न बाँकी रु.७८२६८५६। मध्ये रु.७५२८०५६। संघीय सञ्चित कोषमा दाखिला गरेको र अन्य बाँकी रकम २०७६।६।१४ सम्म महिला, बालबालिका तथा जेष्ठ नागरिकको रु.१८०००। र सामाजिक सुरक्षाको रु.२८०८००। गरी जम्मा रु.२९८८००। संघीय सञ्चितकोषमा दाखिला गरेको नदेखिएकोले सो रकम दाखिला गर्नुपर्ने रु | २९८८००/- |
| ३३. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ७ वटा वडा कार्यालय मार्फत मालपोत, सिफारीस दस्तुर, पञ्जीकरण, घरधुरी कर, व्यवसाय दर्ता, सवारीसाधन कर लगायतका शीर्षकमा रु.३२,६५,१६६।६८ राजश्व असूली गरेको विवरण पेश गरेको छ । | |
| ३४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । यस सम्बन्धमा जिन्सी मालसामानहरु यकिन गरी आम्दानी बाँधिने कार्यालयले छलफलको क्रममा जानकारी दिएको छ । | |
| ३५. | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ । यस सम्बन्धमा साविकका गाउँ विकास समितिमा रहेकको मौज्दात रकम गाउँपालिकाको सञ्चितकोष अर्न्तगत ल्याइने कार्यालयले छलफलको क्रममा जानकारी दिएको छ । | |
| ३६. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| ३७. | **आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | |
| ३८. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदवाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ३९. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउपालिका तथा अन्तर्गतका वडाले यो वर्ष वातावरण संरक्षण तथा विपद व्यवस्थापन, आपतकालिन विपद व्यवस्थापन तर्फ रु. १५ लाख २५ हजार बजेट तय गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाँउक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । ढल निर्माणको एकीकृत बहु वर्षे योजना  र प्रगती पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा पर्याप्त ध्यान दिएको देखिएन । | |
| ४०. | **सेवाप्रवाहको स्थिति :** यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| **पञ्जिकरण तर्फ** | |
| जन्मदर्ता | ६८१ |
| मृत्यू दर्ता | ९९ |
| बसाईंसराईं दर्ता | ६४ |
| बिबाहदर्ता | १८५ |
| सम्बन्धविच्छेद दर्ता | ३ |
| **अन्यसिफरीस** | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>घरबाटे सिफारीस</td><td>२१०</td></tr>
<tr><td>नागरीकतासिफारीस</td><td>३५१</td></tr>
<tr><td>नाता प्रमाणीत</td><td>३२५</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td rowspan="4">विवरण पेश नभएको</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td></tr>
<tr><td>ग्राबेल सडक निर्माण</td></tr>
<tr><td>ग्राबेल सडक मर्मत</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाह सिफारिस लगायतका अत्यावश्यक सेवा गाउँपालिकाको सेवा प्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>सवारी साधन खरिदको विवरण : गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः
<table>
<tr><th>क्र. सं</th><th>सवारी साधन</th><th>खरिद संख्या</th><th>मूल्य</th><th>प्रयोग गर्ने पदाधिकारी संस्था</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल र स्कुटी</td><td>८</td><td>१९१२२००।०० </td><td>वडा कार्यालय र गा.पा.मा प्रयोग</td><td>६ थान यो बर्ष खरिद रु.१४३४४००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा नगरसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार ३ नं. प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु.४२४९२००। सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>विवरण</th><th>अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ७ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २३ जना</th><th>जम्मा</th></tr>
<tr><td>मासिक सुविधा</td><td>३६००००</td><td>३००००० </td><td>१६८००००</td><td>४३२०००</td><td>१३८००००</td><td>४१५२०००</td></tr>
<tr><td>सञ्चार सुविधा( मासिक दरमा)</td><td>१८०००</td><td>१२०००</td><td>६७२००</td><td>०</td><td>०</td><td>९७२००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४२४९२००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३.</td><td>पदाधिकारी अन्य सुविधाः ३ नं. प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा  मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.२०६८५००। तथा इन्धन खर्च रु.८०००००। र लुगा भत्ता रु.६१३५९०। सहित जम्मा रु.२८६८५००। सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>३४८२०९०/-</td></tr>
<tr><td>४४.</td><td>आर्थिक साहायताः गाउँपालिकाले यस वर्ष  विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहयोग वापत रु १० लाख  खर्च लेखेको छ । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था नभएको र सम्बन्धित स्थानीय तहले पनि आर्थिक सहायता सम्बन्धी कुनै ऐन नियम नबनाएको देखिदाँ खर्च रकम अनियमित देखिएको रु.</td><td>१००००००.००</td></tr>
<tr><td></td><td><u>प्रदेश तर्फ (पूंजीगत)</u></td><td></td></tr>
<tr><td>४५.</td><td>३-२०७६।३।१५ डव्वल ट्रे.सि.आर सिष्टमको एक्सरे एक्स्रे लगायतका उपकरण वोलपत्रको माध्यमवाट घटी दररेटवाला हिमशिखर वायोमेडिकल्स प्रा.लि.वाट रु.२४,४४,६४२।- मा खरिद</td><td>११३००५.६५</td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गरेको छ । सम्झौता हुनु पूर्वनै सामान आपूतर्कले मू.अ.कर वाहेकको मूल्यमा रु.१,००,००५।- छुट दिने उल्लेख गरेकोमा आपूर्तकले छुट नगरी विल पेश गरेको र सोही अनुसार पुरै भुक्तानी गरेकोले छुट रु.१,००,००५।- र सोको मू.अ.कर रु.१३,०००।६५ समेत रु.१,१३,००५।६५ निज आपूर्तकवाट असुल गर्नुपर्ने रु- | |
| | **अस्पताल भवन निर्माण** | |
| ४६. | प्यूटारमा निर्माण गरिने थाङसिटार अस्पताल निर्माणको लागि वोलपत्रको माध्यमवाट घटी दररेटवाला ज्ञानज्योती विल्डर्स प्रा.लि.संग मू.अ.कर सहित रु.२,०३,२२,९२२।- को मूल्यमा २५० दिनमा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।२।३१ मा सम्झौता भएको स्रेस्तासंग सम्बन्धी फांटवारी परीक्षण गर्दा निम्नानुसार देखियो: | |
| ४६.१. | अस्पताल भवनको लागत अनुमान मू.अ.कर सहित रु.३,६७,००,०००।- भएकोमा ज्ञानज्योती विल्डर्स प्रा.लि.ले ४४.६३ प्रतिशत घटी अर्थात रु.२,०३,२२,९२२।४५ मा विड गरे अनुसार विडरको सवै कागजात परीक्षण गर्दा र विडरको प्रतिवध्दताको आधारमा सोही रकममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । सम्झौता भएको १०२ दिन सम्म अर्थात ४० प्रतिशत समय व्यतित हुंदासम्म भवन निर्माण प्रक्रिया शुरु भएको छैन । निर्माण व्यवसायीले पेश्की लिएर पनि १०२ दिनसम्म भवन निर्माण तर्फ प्रक्रिया अगाडी नबढेकोले समयमै भवन वन्ने सम्भावना देखिंदैन यसतर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखियो । | |
| ४६.२. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा वढीको निर्माणमा अनिवार्य रुपमा विमा गराउनु पर्ने उल्लेख छ । साथै गुणस्तरियता कायम गर्न निर्माण सामाग्रीको प्रयोगशाला परिक्षणको व्यवस्था गर्नुपर्ने अनिवार्य हुन्छ तर वि.ओ.क्यू आईटमको दुवै आइटम नराखी सम्झौता गरेकोले लागत अनुमानको तुलनामा ४४.६३ प्रतिशत घटेर सम्झौता भएको काममा गुणस्तर तोकिएको मापदण्ड भित्र हुने कुरामा आश्वस्त हुन सक्ने आधार देखिएन । यसतर्फ तालुक निकायले समेत ध्यान दिनुपर्ने देखियो । | |
| ४७. | ६-२०७६।३।२६ उपभोक्ता समितिलाई सम्झौता अनुसारको रकम भुक्तानी गर्दा उपभोक्ताले पेश गरेको निर्माण कार्य विल, खरिद गरिएका विल विजक परीक्षण गरी यथार्थताको आधारमा मात्र भुक्तानी दिनु पर्दछ । मू.अ.करको भुक्तानी गर्दा मू.अ.कर लाग्ने सामानमा मात्र भुक्तानी दिनुपर्दछ । कालिन्चोक पथ गोगनधारीवाट माल्टा भन्ज्याङ्ग हुंदै माल्टा गाउं जोड्ने सडक निर्माण गरे वापत रु.४६,००,३००।- भुक्तानी गरेको स्रेस्ता परिक्षण गर्दा ग्यावियनवाल, मेशिनरीवालमा प्रयोग हुने सिमेन्ट लगायत मू.अ.कर लाग्ने सामानको मू.अ.कर विजक अनुसार रु.५२,००५।७२ देखिएकोमा विलमा रु.५,४८,०४५।७२ मू.अ.कर थप गरी रकम भुक्तानी दिएको हुंदा नपाउने मू.अ.कर रु.४,९६,०४०।- भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिवाट समानुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु- | ४४६४६३.९० |
| ४८. | ७-२०७५/१२/१७ वडा नं. ४ सचिव प्रकाश थिङ्गलाई दिएको रु.५००००।०० पेश्की लेखापरीक्षण अवधीसम्म फछ्र्यौट भएको नदेखिएको हुंदा आथिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार असुल फछ्र्यौट हुनुपर्ने रु- | ५००००.०० |
| ४९. | ३-२०७५/१२/२६ वडा नं. ५मा इसान ट्रेडर्स एण्ड सप्लायर्सबाट एच.डि.पि.पाईप खरिद गरी रु.४,४९,१७५।०० रकम भुक्तानी गरेको देखियो । खरिद गरिएका विभिन्न साईजका पाईपहरु कहाँ प्रयोग भयो, त्यसको सही सदुपयोग वारे एकिन गर्न नसकिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु- | ४४९१७५.०० |
| | **पूंजीगत खर्च** | |
| ५०. | १६-२०७५।९।४ वाट कार्यालयले सामान खरिद गर्नु पूर्व सामानको उपयोगिता वारे एकिन गर्नु पर्दछ । कार्यालयले शुभश्री मल्टीपर्पोज प्रा.लि.वाट १० थान विद्युतीय हाजिरी मेशिन खरिद गरी त्यसको जडान र यातायात खर्च समेत रु.३,९६,०७०।- भुक्तानी गरेकोमा निम्न अनुसार | ४९६०७०.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अनियमित देखिएको रु- | |
| ५०.१. | खरिद गरिएका १० थान विद्युतिय हाजिरी मध्ये एक थान कार्यालयमा रहेकोमा त्यसको उपयोग नदेखिएको र कर्मचारीले हाजिरी कापीमा हाजिर गरेको देखियो । साथै बांकी ९ गान विद्युतिय हाजिर विद्यालयमा हस्तान्तरण गरिएको भनिएतापनि त्यसको उपयोगको सुनिश्चितता भएको प्रमाण स्वरुप सवै विद्युतीय हाजिर लगेका विद्यालयले शिक्षकको हाजिर विद्युतीय हाजिर मेशिनमा गरेको प्रमाण पेश हुन आएन । | |
| ५०.२. | मेशिन थडान वापत पांच जनालाई ३ दिनको प्रति दिन रु.११,०००।- का दरले रु.१,६५,०००।- खर्च लेखेकोमा उक्त दरमा खर्च लेख्न पाउने आधार प्रमाण पेश नभएको । | |
| ५०.३. | यातायात खर्च वापत ३ दिनको रु.१८,०००।- को दरले रु.५४,०००।- (मू.अ.कर समेत) भुक्तानी गरिएकोमा दैनिक रु.१८,०००।- को कसलाई के वापत भुक्तानी खर्च दिनु परेको हो सोको प्रमाण पेश हुन आएन । | |
| ५१. | ५६-२०७५।१०।२३, ६१-२०७५।१०।२८ र ६८-२०७५।११।२ वाट सोनाम लोसार कार्यक्रम संचालन गरे वापत तीन गोश्वारा भौचरवाट रु.६,९६,५५०।- खर्च लखेकोमा खर्चसंग सम्बन्धित विल भरपाई परीक्षण गर्दा निम्नानुसार देखियो: | |
| ५१.१. | भौ.नं.५६ संग सम्बन्धित खर्चको फांटवारीमा ज्ञानु जय कुमार श्रेष्ठलाई रु.२०,०००।- भुक्तानी गरेकोमा सो खर्चको प्रयोजन नखुलेको हुंदा उक्त रकम असुल उपर गर्नुपर्ने रु- | २००००.०० |
| ५१.२. | भौ.नं. ६१ मा एम.वि.के रेन्टवल सर्भिसको विल राखी १२७३ जना सहभागीलाई रु.३५०।- को दरले खाजा खुवाएको भनि रु.४,४५,५५०।- भुक्तानी गरेको संलग्न फांटवारीमा उपस्थिती ७०९ जनाको मात्र भएको हुंदा वढी खर्च लेखेको ५५४ जनाको रु.३५०।- का दरले हुने रु.१,९३,९००।- सम्बन्धितवाट असुल उपर गर्नुपर्ने रु- | १९३९००.०० |
| ५१.३. | भौ.नं. ६२ मा गाडी भाडा वापत रु.१,००,०००।- खर्च लेखेको छ । गाउंपालिकाको स्वीकृत दररेट अनुसार तीन दिनको रु.६,०००।- को दरले रु.१८,०००।- मात्र खर्च लेख्नु पर्नेमा रु.८२,०००।- वढी खर्च लेखेकोले नर्म्स भन्दा वढी भुक्तानी असुल गर्नुपर्ने रु- | ८२०००.०० |
| ५२. | ६३-२०७५।११।२ प्रा.स. वलध्वज खड्कालाई उच्च मूल्यका फलफुल तथा तरकारीवाली विषयक तालिम, वोट विरुवा, विउ, विजन वितरण गरे वापत रु.३,६४,०००।- भुक्तानी गरेकोमा फांटवारीमा उल्लेख भए अनुसार रु.१६,२७५।- अग्रिम कर कट्टी गरेकोमा दाखिला गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गरी संघिय राजश्वमा दाखिला गर्नुपर्ने रु- | १६२७५.०० |
| ५३. | **सव कन्ट्याक्टरवाट काम गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन नहुने उल्लेख छ । कार्यालय र उपभोक्ता वीच सम्झौता भई वाटोको ट्याक खोल्ने, पहिरो हटाउने लगायतका वाटो, मोटर वाटो सम्बन्धी काम उपभोक्ताले गर्ने भनिएपनि स्रेस्ता परीक्षण गर्दा अकिकांश काम निर्माण व्यवसायीवाटै गराउने गरेको देखियो । उपभोक्ताले पेश गरेको विलमा केही नि: शुल्क श्रम वापत भनी मस्टररोलमा काम गरेको देखाएपनि वाटोको स्थलगत निरीक्षण गर्दा सेवा सेवाग्राहीले वाटोको निर्माण कार्य निर्माण व्यवसायीवाटै गराएको उल्लेख गरेकाछन् । कानूनको परिपालना नगरी काम गराएकोलाई नियमसम्मत मान्न सकिएन । केही उदाहरण निम्नछन्: | |

| भौ.नं.मिति | उपभोक्ताको नाम | कार्यालयको योगदान रकम | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीले जारी गुरेको विल रकम |
|---|---|---|---|---|
| ७३-२०७५/११/१५ | माथिल्लो आश्रगङ्गा लोसे देखि तल्लो आश्राङ्ग मोटरवाटो नि.उ.स. | २४०५७२५.०० | विन्धवावासिनी कन्स्ट्रक्सन | २६७२७८६.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ७५-२०७५/११/१५ | चिला भन्ज्याङ्ग चिला थुम्का देखि तल्लो गोठ हुंदै चिला गाउं मोटरवाटो नि.उ.स | २१०३४५६.०० | कान्तिपथ कन्स्ट्रक्सन | २३३८२२४.०० |
| ८८-२०७५/११/२८ | कलवान माझखण्ड पोखरी डांडा हुंदै आश्राङ्ग जाने वाटो नि.उ.स | १६९३७६७.०० | ,, ,, | १८७९६३६.५६ |
| १६७-२०७६/२/१ | माथिल्लो तिम्ले तल्लो तिम्ले हुंदै यस्था मोटरवाटो नि.उ.स. | १००००००.०० | ,, ,, | १००९५११.४९ |
| ६-२०७६/३/३१ | कान्तिलोकपथ गोगनघारीवाट माल्टा भन्ज्याङ्ग हुंदै माल्टा गाउं जोड्ने सडक नि.उ.स | ४६८२३००.०० | ,, ,, | ४७६४०५०.६२ |

५४. गाउँपालिकाको वजेट निश्चित वर्ग वा समूदायले मात्र उपयोग गर्ने गरी खर्च गर्नु हुंदैन । साथै गाउँपालिकाले आर.सि.सि. भवन निर्माण गर्नु पूर्व घरको नक्सा पास अनिवार्य गर्नुपर्दछ । सिमित व्यक्तिले लाभ लिने गरी सहकारी ऐन अनुसार खोलिएको सहकारी संस्थालाई भवन निर्माण गर्न नक्सा पास वेगरनै अनुदान उपलव्ध गराएको नियमसम्मत देखिएन । साथै सहकारीवाट सहकारीका सदस्यलाई मात्र तालिम एवं उपकरण खरिद गरी वितरण गरिएको कार्य पनि नियमसम्मत देखिएन । सवै सहकारी संस्थाले स्थायी लेखा नम्वर लिई वार्षिक आय व्यय आन्तरिक राजश्व कार्यालयमा वुझाउनु पर्ने कानूनी दायित्व भएकोले सवै संस्थाले अनिवार्य रुपमा विल जारी गर्नुपर्नेमा विल जारी नगरेको र आयकर ऐन, २०५८ को दफा ....अनुसार १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा ऐन अनुसार कर कट्टी कम गरेको हु.दा छुट कर सम्बन्धित संस्थावाट असुल उपर गरी संघिय राजश्वमा दाखिला गर्नुपर्ने रु- **१०,५१,२१३.७**

| भौ.नं.मिति | सहकारी संस्थाको नाम | कामको विवरण | भुक्तानी रकम | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|---|---|
